आज मिति २०७६ साल आषाढ ६ गते रामेछाप नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री नर वहादुर थापा मगरज्यूको अध्यक्षतामा वसी देहायका विषयहरुमा छलफल एवं निर्णयहरु भयो ।

उपस्थिति

१. नगर प्रमुख श्री नर वहादुर थापा मगर
२. नगर उप प्रमुख श्री श्रृजना खड्का
३. वडा नं. १, वडा अध्यक्ष श्री नर वहादुर थापा क्षेत्री
४. वडा नं. २, वडा अध्यक्ष श्री निर वहादुर श्रेष्ठ
५. वडा नं. ३, वडा अध्यक्ष श्री भूपाल राज श्रेष्ठ
६. वडा नं. ४, वडा अध्यक्ष श्री टुपेन्द्र वहादुर तामाङ्ग
७. वडा नं. ५, वडा अध्यक्ष श्री भिम वहादुर तामाङ्ग
८. वडा नं. ६, वडा अध्यक्ष श्री धन वहादुर खड्का
९. वडा नं. ७, वडा अध्यक्ष श्री समीर कार्की
१०. वडा नं. ८, वडा अध्यक्ष श्री केदार कार्की
११. वडा नं. ९, वडा अध्यक्ष श्री चन्द्र वहादुर श्रेष्ठ
१२. नगर कार्यपालिका सदस्य श्री जमुना हायु
१३. नगर कार्यपालिका सदस्य श्री समिता वि.क.
१४. नगर कार्यपालिका सदस्य श्री ज्ञानुदेवी वस्नेत कार्की
१५. नगर कार्यपालिका सदस्य श्री अनिता काफ्ले
१६. नगर कार्यपालिका सदस्य श्री कविता रिसाल
१७. नगर कार्यपालिका सदस्य श्री रुकुम हायु
१८. नगर कार्यपालिका सदस्य श्री सरोज कटुवाल
१९. नगर कार्यपालिका सदस्य श्री जनक राज सुनुवार
२०. प्रमुख प्रशासकीय अधिकृत श्री इश्वर राज दाहाल

आमन्त्रित

१. कानुनी सल्लाहकार श्री लोकहरि दाहाल
२. स्वकीय सचिव श्री लक्ष्मण श्रेष्ठ
३. गर्भा सुवेदी ले.प.
४. अ. नारायण सुवेदी

Scanned with CamScanner

छलफलका बिषयहरु :

१. बिषयगत समिति संयोजक तोक्ने सम्वन्धमा ।

२. रजिष्ट्रेशनको न्यूनतम मुल्यांकन दर सुझाव सम्वन्धमा ।

३. नगर सभा सम्वन्धमा ।

४. छलफलमा आएक अन्य प्रस्तावहरु सम्वन्धमा ।

निर्णयहरुः

१. यस रामेछाप नगरपालिकाको विषयगत क्षेत्र हेर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिम वजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्य रहने गरी नगर कार्यपालिकाका सदस्यहरुवाट देहाय वमोजिमका समिति गठन गर्ने निर्णय गरीयो :

क. सार्वजनिक लेखा तथा क्षमता विकास समिति,संयोजक,श्री जमुना हायु

ख. आर्थिक विकास समिति,संयोजक,श्री समिता वि.क.

ग. पूर्वाधार विकास समति,संयोजक, श्री रुकुम हायु

घ. वातावरण तथा विपद् व्यवस्थापन समिति, संयोजक श्री कविता रिसाल

ङ. सामाजिक विकास सामिति,संयोजक,श्री जनक सुनुवार

च. विधेयक समिति,संयोजक,श्री सरोज कटुवाल

२. मालपोत कार्यालय रामेछापको प.स. ०७५/०७६ च.नं. ३५६६ मिति २०७६/२/३१ को प्राप्त पत्रानुसार आगामी आ.व.०७६/०७७ का लागि यस नगरपालिका क्षेत्रमा जग्गा रजिष्ट्रेशनको न्यूनतम मुल्यांकनमा चालू आ.व.०७५/०७६को दरमा देहाय वमोजिमको दर थप गरी मुल्यांकन दर कायम गर्न लेखी पठाउने निर्णय गरीयो :

क. वजार क्षेत्र (भंगेरी) ५० प्रतिशत

ख. भंगेरी साविक ५,६ र ७ २० प्रतिशत

ग. चिलाउने २० प्रतिशत

घ. वाकीमेरी २० प्रतिशत

ङ. वडा नं. २ मा पर्ने सालु ३० प्रतिशत

च. रामपुर ५० प्रतिशत

इश्वर राज दाहाल
प्रमुख प्रशासकीय अधिकृत

...र बहादुर थापा मगर
प्रमुख

Scanned with CamScanner

छ. सुकाजोर २५ प्रतिशत

ज. सिरुवारी ३० प्रतिशत

३. आगामी २०७६ आषाढ १० गते हुने नगरसभामा देहाय वमोजिम गर्ने निर्णय गरीयो :

क. नगर सभा वन्द सत्रको रुपमा संचालन गर्ने

ख. राजस्व परामर्श समितिको मिति २०७६/२/३२ को प्रतिवेदन उपर छलफल भै सो प्रतिवेदन समेतलाई आधार मानी आगामी आ.व.०७६/०७७ का लागि तयार गर्नु पर्ने आर्थिक विधेयक मस्यौदा सभामा पेश गर्ने (प्रतिवेदन संलग्न)।

ग. आगामी आर्थिक बर्ष ०७६/०७७ का लागि वजेट सीमा(संलग्न) कायम गरी बजेट तथा कार्यक्रम पेश गर्ने ।

घ. नगरसभामा पेश भएका बिषयहरुमा नगरसभा सदस्यहरुले संशोधनका लागि मिति २०७६/३/२० सम्म नगरपालिकामा पेश गर्ने ।

४. नगर स्तरीय र वडाहरुका कार्यक्रम संचालन गर्न मिति२०७६ जेष्ठ मसान्त सम्म नगरपालिका कार्यालयमा संझौता गर्ने समय सीमा तोकिएकोमा सो संझौता गर्ने म्याद मिति २०७६/३/१५ सम्म थप गर्ने निर्णय गरीयो ।

५. दलितहरुको रोजगारीमूलक र चेतनामूलक कार्यक्रम संचालनका लागि रु. ५ लाख सम्म गत आ.व.०७४/०७५ को बांकी वजेटबाट खर्च गर्ने निर्णय गरीयो ।

६. मेयर कप प्रतियोगिताका लागि रु. १० लाख विनियोजन भएकोमा प्रतियोगिता सञ्चालन गर्न बजेट अपुग भएको जानकारी भएकोले उक्त कप लाई गत गत आ.ब.०७४/०७५ को बांकी बजेटबाट रु. ३ लाख थप खर्च गर्ने निर्णय गरीयो ।

७. नियमित मर्मतका लागि नियुक्त भएका यस नगरपालिका क्षेत्रमा रहेका पुल संरक्षकहरुलाई बार्षिक रु. ६०००। पारिश्रमिक १० जनालाई भत्ता अन्य शीर्षकबाट रु. ६००००। खर्च गर्ने निर्णय गरीयो ।

८. यस नगरपालिका अन्तर्गत निर्माण भै रहेको चमेरे ओडार झोलुङ्गे पुलको लागि स्थानीय तहले व्यहोर्न पर्ने ६ प्रतिशत रकमबाट हुन आउने रु. २९५१३३। गत आ.ब.०७४/०७५ को बांकी बजेटबाट खर्च गर्ने निर्णय गरीयो ।

इश्वर राज दाहाल
प्रमुख प्रशासकीय अधिकृत

...र बहादुर थापा मगर
प्रमुख

CS Scanned with CamScanner

निर्णय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा केही नेपाल ऐन, संशोधन गर्ने ऐन, २०७५ ले केही दफाहरु संशोधन र खारेजी भएको, प्रदेश सरकारको कानूनहरु समेत जारी भएकोले रामेछाप नगरपालिकाको आर्थिक ऐन, २०७५मा चालू आ.व.२०७५/०७६ को लागि प्रस्तावित राजश्वको प्रस्तावित शीर्षक र दरमा देहाय बमोजिम संशोधन गरी आ.व.२०७६/०७७ आर्थिक ऐनमा समावेश गर्न नगर कार्यपालिकामा सुझाव पेश गर्ने निर्णय गरियो ।

क) सम्पत्ति करको दररेट

| क्र.सं. | विवरण | आगामी आ.ब २०७६/०७७ को प्रस्तावित दर (अंकमा) | आगामी आ.ब २०७६/०७७ को प्रस्तावित दर (अक्षरमा) |
|---|---|---|---|
| १. | रु. १ देखि रु. २ लाख सम्म | ५०।०० | पचास रुपैयाँ |
| २. | रुं. २ लाख १ देखि रु. ५ लाख सम्म | २००।०० | दुई सय रुपैयाँ |
| ३. | रु. ५ लाख १ देखि रु. १० लाख सम्म | ३००।०० | तीन सय रुपैयाँ |
| ४. | रु. १० लाख १ देखि रु.१५ लाख सम्म | ४००।०० | चार सय रुपैयाँ |
| ५. | रु. १५ लाख १ देखि रु २० लाख सम्म | ५००।०० | पाँच सय रुपैयाँ |
| ६. | रु. २० लाख १ देखि रु. २५ लाख सम्म | ७५०।०० | सात सय पचास रुपैयाँ |
| ७. | रु. २५ लाख १ देखि रु. ३० लाख सम्म | १,१००।०० | एक हजार एक सय रुपैयाँ |
| ८. | रु. ३० लाख १ देखि रु. ३५ लाख सम्म | १,५००।०० | एक हजार पाँच सय रुपैयाँ |
| ९. | रु. ३५ लाख १ देखि रु. ४० लाख सम्म | २,०००।०० | दुई हजार रुपैयाँ |
| १०. | *रु.४० लाख १ देखि रु ४५ लाख सम्म* | २,५००।०० | *दुई हजार पाँच सय रुपैयाँ* |
| ११. | रु. ४५ लाख १ देखि रु ५० लाख सम्म | ३,२००।०० | तीन हजार दुई सय रुपैयाँ |
| १२. | रु. ५० लाख १ देखि रु. ६० लाख सम्म | ४,३००।०० | चार हजार तीन सय रुपैयाँ |
| १३. | रु. ६० लाख १ देखि रु. ७० लाख सम्म | ५,५००।०० | पाँच हजार पाँच रुपैयाँ |
| १४. | रु. ७० लाख १ देखि रु. ८० लाख सम्म | ७,०००।०० | सात हजार रुपैयाँ |
| १५. | रु. ८० लाख १ देखि रु. ९० लाख सम्म | ८,५००।०० | आठ हजार पाँच सय रुपैयाँ |
| १६. | रु. ९० लाख १ देखि रु. १ करोड सम्म | १०,२००।०० | दश हजार दुई सय रुपैयाँ |
| १७. | रु १ करोड १ देखि रु. १ करोड २० लाख सम्म | १३,०००।०० | तेह्र हजार रुपैयाँ |
| १८. | रु. १ करोड २० लाख १ देखि रु. १ करोड ४० लाख सम्म | १४,५००।०० | चौध हजार पाँच सय रुपैयाँ |
| १९. | रु.१ करोड ४० लाख १ देखि रु. १ करोड ६० लाख सम्म | १६,५००।०० | सोह्र हजार पाँच सय रुपैयाँ |
| २०. | रु. १ करोड ६० लाख १ देखि रु. १ करोड ८० लाख सम्म | १८,५००।०० | अठार हजार पाँच सय रुपैयाँ |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| २१. | रु. १ करोड ८० लाख १ देखि रु.२ करोड सम्म | २०,५००।०० | विस हजार पाँच सय रुपैयाँ |
| २२. | रु. २ करोड १ देखि रु. २ करोड ५० लाख सम्म | २५,५००।०० | पच्चीस हजार पाँच सय रुपैयाँ |
| २३. | रु. २ करोड ५० लाख १ देखी रु ३ करोड सम्म | ३३,०००।०० | तेत्तीस हजार रुपैयाँ |
| २४. | रु. ३ करोड १ देखि रु. ३ करोड ५० लाख सम्म | ४०,०००।०० | चालिस हजार रुपैयाँ |
| २५. | रु. ३ करोड ५० लाख १ देखि रु. ४ करोड सम्म | ४७,०००।०० | सत्चालिस हजार रुपैयाँ |
| २६. | रु. ४ करोड १ देखि रु. ४ करोड ५० लाख सम्म | ५५,०००।०० | पचपन्न हजार रुपैयाँ |
| २७. | रु. ४ करोड ५० लाख १ देखि रु. ५ करोड सम्म | ६२,०००।०० | वैसठ्ठी हजार रुपैयाँ |
| २८. | रु. ५ करोड १ देखि माथिको मुल्याङकन सम्म प्रति हजारका रु २ थप | | |

नोट : मुल्यांकन रकमलाई रु लाखमा (round figure) मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

ख) जग्गाको मुल्याङ्कन गर्दा हाललाई मालपोत कार्यालयले जग्गा रजिष्ट्रेशन पारित गर्ने प्रयोजनको लागि निर्धारण गरेको न्युनतम मुल्याङ्कनलाई नैसम्पति कर प्रयोजनको लागि समेत न्यूनतम मुल्याङ्कन कायम गरि जग्गाको मुल्याङ्कन गर्ने ।

**म्यादभित्र विवरण दाखिला नभएमा लिइने थप शुल्कको दर**

| सम्पत्तिको मूल्यांकन रकम | चालू आ.व.भित्रै म्याद नाघेमा | एक आ.व. म्याद नाघेमा | म्याद नाघेको एक आ.व.पछि तेस्रो आ.व.सम्म | म्याद नाघेको तेस्रो आ.व.पछि पाँचौ आ.व.सम्म |
|---|---|---|---|---|
| जतिसुकै भए पनि ( कर तिर्नु पर्ने रकमको) | १२ प्रतिशत | १५ प्रतिशत | १७ प्रतिशत | २० प्रतिशत |

**द्रष्टव्य : यस्तो जरिवाना प्रत्येक बर्षको लागि थप जोडिदै जाने छ ।**

**भूमिकर (मालपोत) को दर**

भूमि तथा मालपोत कर रुपैया प्रति रोपनी निम्न अनुसार दर रेटमा लगाईने र असुल उपर गरिने छ, साथै बक्यौता रकम रहेमा पहिलो वर्ष ५ प्रतिशतले र सो भन्दा माथि १० प्रतिशतले जरिवाना लिई भूमिकर तथा मालपोत संकलन गरिनेछ ।

| सि.नं. | | विवरण | प्रति रोपनी रु. |
|---|---|---|---|
| १ | | **शहरी क्षेत्र** | |
| वडा नं.८ | क | वडा नं.८को विटार पक्की पुल देखि भंगेरी धारापानी सम्म सडकले छोएको (दांया बांया) | ४०।- |
| | ख | वडा नं.८ भंगेरी धारापानी देखी रामेछाप माथिल्लो बजार पशुपती मन्दिर र माथिल्लो बजारबाट रामेछाप अस्पताल सम्म सडकले छोएको (दांया बांया) | ५०।- |
| | ग | अन्य क्षेत्रमा मोटर बाटोले छोएको | २५।- |
| | घ | बाँकी अन्य क्षेत्र | १०।- |
| वडा नं.३ | क | साँघुटारको हिमगंगा मा.वि.देखि पक्की पुल हुदै बजार क्षेत्र र सामुदायिक भवन (हाल साँघुटारको वडा कार्यालय) सम्म मोटर बाटोले छोएको | ४०।- |
| २ | | **ग्रामीण क्षेत्र** | |
| | क | मोटर बाटोले छोएको | १५।- |
| | ख | बाँकी अन्य क्षेत्र | १०।- |

Scanned with CamScanner

## घर जग्गा बहाल करको दर

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा व्यवसायिक प्रयोजनका लागि १० (दश) र घरायासी प्रयोजनका लागि ५(पांच) प्रतिशतका दरले बहाल कर लिइने छ ।

## व्यबसाय इजाजत संचालन (दर्ता नबिकरण) दस्तुरको दर

| क्र. सं. | व्यबसायको किसिम | संचालन अनुमति | वार्षिक शुल्क |
|---|---|---|---|
| १ | नाफामुलक संस्थाहरु | | |
| क) | बाणिज्य बैंकहरु | ५,०००।- | २,०००।- |
| ख) | लघुवित्त संस्थाहरु | ३,०००।- | १,५००।- |
| ग) | बचत तथा ऋण सहकारी संस्थाहरु १ करोड भन्दा माथिको कारोवार लेखापरिक्षण प्रतिवेदन अनुसार | २,०००।- | १,०००।- |
| घ) | बचत तथा ऋण सहकारी संस्थाहरु १ करोड भन्दा कम कारोवार लेखापरिक्षण प्रतिवेदन अनुसार | १,५००।- | १,०००।- |
| ङ) | अन्य सहकारी संस्थाहरु | १,०००।- | ७००।- |
| च) | रेमिट्यान्स् (मनिट्रान्सफर) | २,०००।- | १,०००।- |
| छ) | टेलिफोन/ईन्टरनेट टावर | ० | ५,०००।- |
| २ | परामर्श सेवा | | |
| क) | ईन्जिनियरिङ्ग | ५,०००।- | |
| ख) | शैक्षिक | २,०००।- | |
| ग) | अन्य परामर्श | १,०००।- | |
| ३ | निर्माण व्यवसायी | | |
| क) | घ श्रेणी दर्ता | ७,०००।- | |
| ख) | रामेछाप नगरपालिका भन्दा बाहिरका कुनै फर्मले नगर क्षेत्र भित्र निमार्ण वा परामर्श जस्ता सेवा प्रदान गर्दा बातावरणीय शुल्क बापत काम शुरु गर्नु अगावै पटके स्वीकृतिका लागि दस्तुर | १०,०००।- | |
| ४ | घ श्रेणी नवीकरण | ३,०००।- | |
| ५ | निजि विद्यालयलाई व्यवसाय ईजाजत पत्र | १,०००।- | ५००।- |
| ६ | गैर सरकारी संघ संस्थाहरु | ० | १,०००।- |
| क) | गैससको कार्यक्रम स्वीकृत दस्तुर २०,००,००० सम्म | २,०००।- | |
| ख) | गैससको कार्यक्रम स्वीकृत दस्तुर ५०,००,००० सम्म | ५,०००।- | |
| ग) | गैससको कार्यक्रम स्वीकृत दस्तुर १,००,००,००० सम्म | १०,०००।- | |
| घ) | गैससको कार्यक्रम स्वीकृत दस्तुर १,००,००,००० भन्दा माथि | २०,०००।- | |

वार्षिक शुल्क तिर्नु पर्ने करदाताले प्रत्येक आर्थिक बर्षको माघ मसान्त भित्र नविकरण गर्नु पर्ने र तोकिएको समयमा व्यवसाय ईजाजत संचालन अनुमति तथा वार्षिक शुल्क नविकरण नगरेमा प्रति महिना रु.१००। का दरले जरिवाना असुल गरिनेछ ।

## व्यबसाय ईजाजत पत्रको कर दर (वार्षिक कर)

| क्र.सं. | व्यबसायको किसिम | व्यबसाय कर रकम रु |
|---|---|---|
| १ | सबै प्रकारको व्यवसाय ईजाजत पत्र दर्ता शुल्क | रु.५००।- |
| २ | वार्षिक शुल्क | पूँजिको ०.१ प्रतिशत |

Scanned with CamScanner

आर्थिक बर्ष २०७६/७७ को लागि व्यवसाय नबीकरण २०७६ असोज मसान्त भित्र गर्नु पर्ने । तोकिएको समय भित्र नबिकरण नगरेमा प्रति महिना रु.५०। का दरले जरिवाना लगाउने । साथै असोज मसान्त भित्र सम्म पनि दर्ता हुन नआएका व्यवसायीहरुकालागि आर्थिक वर्ष २०७५/७६ को विलम्व शुल्क बापत रु.६००।- थप लिई नियमानुसारको शुल्क लिई व्यवसाय ईजाजत पत्र प्रदान गरिनेछ ।

## जडिबुटी, कवाडी, जीवजन्तु करको दर

| क. सं | करको किसिम | करको दर (रकम रु) |
|---|---|---|
| क) | ऊन, खोटो, फल, विज जाती, जडिबुटी, वनकस | |
| १. | ऊन (प्राकृतिक, कृत्रिम, जगर) प्रति के. जी. | १।- |
| २. | खोटो प्रति के.जी. | २।- |
| ३. | जटिबुटीहरु प्रति के. जी. | ३।- |
| ४. | बनकस (खर), बाबियो, मलहन पत्ता, छ्वाली, पराल, वगास, निगालो, लोकता, पटेर,अम्लिसो (कुच्चो) प्रति के.जी. | ०।५० |
| ५. | बोधिचित्त (बुद्धमाला) प्रति के.जि. | ५,०००।- |
| ६. | रुद्राक्ष प्रति के.जि. | ५०।- |
| ख) | कवाडी मालसामान . | |
| १. | खाली सीसी (वियर) वोतलको साइज हेरी प्रति गोटा | ०।१० |
| २. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि प्रति गोटा | ०।१० |
| ३. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल प्रभित गोटा | ०।१० |
| ४. | प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन आदि) प्रति के.जी | ०।०५ |
| ५. | खाली बोरा :<br>५० के.जी सम्म खाद्यन्न अँट्ने प्लाष्टिकका बोरा प्रति गोटा<br>५० के.जी. सम्म खाद्यान्न अँट्ने जुटका बोरा प्रति गोटा<br>१०० के.जी. सम्म खाद्यान्नअँट्ने जुटका बोरा प्रति गोटा | <br>०।१०<br>०।१०<br>१।- |
| ६. | तेलको टिन :<br>१० लिटरभन्दा बढी अँट्ने ठूलो प्रति गोटा<br>१० लिटरभन्दा कम अँट्ने सानो प्रति गोटा | <br>१।-<br>०।५ |
| ७. | पुनः प्रशोधन (रिसाइकलिङ्ग) गरी पुनः प्रयोग हुन सक्ने<br>झिण्डु (प्राकृतिक र कृत्रिम उनका टुक्रा) प्रति के.जी<br>गार्मेण्टको कपडाको टुक्रा प्रति के.जी.<br>जलेको मोविल प्रति लिटर<br>जुट र प्लाष्टिकका बोरा प्रति के.जी.<br>कार्पेटका टुक्रा प्रति के.जी.<br>टायरट्यूब प्रति के.जी.<br>थोत्रो टिन प्रति के.जी.<br>पुरानो ड्रम प्रति के.जी. | <br>०।१०<br>०।०<br>०।१०<br>०।१०<br>०।१०<br>०।१०<br>०।१०<br>०।१० |

Scanned with CamScanner

| | |
|---|---|
| पुराना कागज (अखबार, न्यूजप्रिन्ट) प्रति के.जी. | १।- |
| पुराना अन्य कागज (कार्टुन समेत) प्रति के.जी. | ०।१० |
| धातुका टुक्राहरू र पत्रु भइ काम नलाग्ने भएका धातु सामानहरू | ०।१० |
| (क) फलाम प्रति के.जी. | |
| (ख) अन्य धातु (पित्तल, तामा आदि) प्रति के.जी. | ०।२० |
| (ग) थोत्रिएर काम नलाग्ने मेशिनरी औजार प्रति के.जी. | १।- |
| (घ) पोलिथिन पाइपका टुक्राहरू प्रति के.जी. | ०।५० |
| (ङ) सिसा (लिड) को धुलो वा टुक्रा प्रति के.जी. | ०।१० |
| (च) काँचको धुलो र टुक्रा प्रति के.जी. | ०।०५ |
| | ०।०५ |
| प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मतृ वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला | |
| हाँस, कुखुरा जस्ता पंछीहरूको प्वाँख प्रति के.जी. | १।- |
| हाड प्रति के.जी. | ०।५० |
| सिंग प्रति के.जी. | १।- |
| खुर प्रति के.जी. | १।- |
| छाला (ठूलो) प्रति गोटा | १५।- |
| छाला (सानो) प्रति गोटा | १०।- |

## विज्ञापन करको दर

| विज्ञापन सामग्रीको किसिम | करको दर (रकम रु) |
|---|---|
| ...क्षेत्र भित्र राखिने होर्डिङ बोर्ड तथा ब्यानरको | प्रति स्क्वायर फिट रु. ६०।- |

## मनोरञ्जन करको दर

| मनोरञ्जन व्यवसायको किसिम | वार्षिक करको दर (रकम रु) |
|---|---|
| सिनेमा हल, सांस्कृतिक प्रदर्शन हल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल, | प्रवेश शुल्कको पाँच प्रतिशत |
| जादू, सर्कस, चटक | दैनिक एक सय |

## बहाल बिटौरी शुल्कको दर

| सम्पत्तिको किसिम | शुल्कको दर (रकम रु) |
|---|---|
| आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका<br>क) भवन प्रति कोठा/सटर<br>ख) जग्गा प्रति कठ्ठा/रोपनी<br>ग) अन्य सम्पत्ति | |
| आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका<br>क) अस्थाई टहरा प्रति गोटा<br>ख) छाप्रा प्रति गोटा<br>ग) पसल प्रति गोटा<br>घ) आवास प्रति बर्गफीट | |

Scanned with CamScanner

| ३ | सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल वर्गीकरण अनुसार प्रति पसल | |
|---|---|---|
| ४ | अन्य | |

रामेछाप नगरपालिका वडा नं. ८ रामेछाप वजार स्थित हाट बजारमा साप्ताहिक रुपमा लाग्दै आएको बैठकी शुल्क आ.व.२०७६/०७७ को लागि देहाय अनुसार कायम गरिएको छ ।

| क्र.स. | विवरण | आ.व.०७६/०७७ को कायम गरेको दररेट |
|---|---|---|
| १ | स्टलमा वस्ने प्रति व्यापारी | ७५।- |
| २ | भाँडा कुडाँ प्रति व्यापारी | ७५।- |
| ३ | किराना पसल प्रति व्यापारी | ३०।- |
| ४ | विषादी विउ विजन पसल प्रति व्यापारी | ३०।- |
| ५ | कपडा पसल प्रति व्यापारी | ४०।- |
| ६ | काट्ने बंगुर प्रति गोटा | १००।- |
| ७ | काट्ने राँगा प्रति गोटा | १५०।- |
| ८ | चपल जुत्ता पसल प्रति व्यापारी | ३५।- |
| ९ | फलफुल तरकारी गेडागुडी प्रति भारी | १५।- |
| १० | खाद्यान्न सामाग्री प्रति भारी | १५।- |
| ११ | सुर्तिजंन्य सामग्री प्रति भारी | ५०।- |
| १२ | घरायसी सामाग्री प्रति भारी (नाङ्गला,हसियाँ लगायतका सामाग्री) | १५।- |
| १३ | टर्च,छाता,जुत्ता मर्मत प्रति व्यापारी | ४०।- |
| १४ | पकाएको परिकार वेच्ने प्रति व्यापारी | १५।- |
| १५ | वगुर प्रति गोटा | ३५।- |
| १६ | खसि वाखा प्रति गोटा | ४०।- |
| १७ | कुखुरा प्रतिभारी (५ भन्दा वढी) | ४०।- |
| १८ | कुखुरा प्रति गोटा | ५।- |

माथि उल्लेखित हाटकर दररेट विवरण उल्लेख नभएको अन्य सामानहरुको हकमा सामान हेरी न्यूनतम रु ५।- र अधिकतम रु. ३५।- सम्म लिन सकिने छ ।

## सवारी कर, वार्षिक सवारी कर तथा सवारी दर्ता शुल्क

| क्र.स. | विवरण | पार्किङ शुल्क | इजाजत पत्र शुल्क |
|---|---|---|---|
| १ | वस, ट्रक, लरी, हेभी गाडीमा | ५०।- | ० |
| २ | भाडका कार, जिप | ३०।- | ० |
| ३ | निजि मिनि वस | ३०।- | ० |
| ४ | जोत्ने ठूलो ट्रयाक्टर | ३०।- | ० |
| ५ | निजी मोटरसाईकल | १०।- | ० |
| ६ | ठेला/ रिक्सा सामान वोक्ने | — ० | १,०००।- |
| ७ | पावर टेलर | १०।- | ० |
| ८ | अटो रिक्सा, म्याजिक भ्यान | २०।- | १,०००।- |
| ९ | ऱ्याफटीङ्ग इजाजत (अनुसुची ११) | ० | ५,०००।- |
| १० | बन्दुक नविकरण दस्तुर | १,०००।- | ० |

Scanned with CamScanner

## सेवा शूल्क, दस्तुरको दर

जग्गा रेखाकंनका लागि रामेछाप नगरपालिका क्षेत्र भित्र रहेका वडाहरुको लागि प्रति कित्ता प्रति रु.२,१००। (दुई हजार एक सय)।

फोहर मैला व्यवस्थापनका लागि सेनिटरी ल्याण्ड फिल्ड साईट भएको वरपरका क्षेत्र वाट प्रत्येक को मंगलवार र शुक्रबार नगरपालिकाको गाडीबाट फोहोर मैला उठाई लैजाने र सो वापत प्रत्येक री संग मासिक रु. १००। र कार्ड बापत रु. ५०।

चल अचल सम्पति मूल्याङ्कन गर्दा निवेदन बापत रु.१०। र कुल जम्मा प्रति लाख रु.२००।

समूहलाई दर्ता शुल्क रु.१००। र नविकरण शुल्क रु.५०।

नाता प्रमाणित दस्तुर निवेदन रु. १०।- समेत कुल जम्मा रु.२१०।-

पन्जिकरण सम्वन्धी जस्तै जन्म, मृत्यू, विवाह, बसाई सराई, सम्वन्ध विच्छेद घटना घटेको ३५ दिन पछि दर्ता हुन आएमा निवेदन रु. १०।- समेत कुल जम्मा रु.११०।-

नागरिकता सिफारीस दस्तुर निवेदन रु. १०।- समेत कुल जम्मा रु.११०।-

पंन्जिकरण र नागरिकता प्रमाण पत्र लिन गरिएको प्रतिलिपी सिफारीसमा रु.२१०।-

जग्गा नामसारी सिफारीसमा निवेदन रु. १०।- समेत कुल जम्मा रु. २१०।-

चारकिल्ला प्रमाणित सिफारीसमा निवेदन रु.१०।- समेत कुल जम्मा रु.२१०।-

घर बाटो सिफारीस दस्तुर निवेदन रु.१०।- समेत कुल जम्मा रु.३१०।-

नक्सापास पुस्तीका रु.५००।-

निर्माण सम्पन्न प्रमाण पत्र निवेदन रु.१०।- समेत कुल जम्मा रु.२१०।-

चल अचल सम्पत्ति मूल्याङ्कन निवेदन रु.१०।- समेत कुल जम्मा प्रति लाख रु.२००।-

सर्जमिन मुचुल्का (फिल्डमा जानु पर्दाको वखत निवेदन रु.१०।- समेत कुल जम्मा रु.२१०।-)

अन्य सिफारीसमा निवेदन रु.१०।- समेत कुल जम्मा रु.१६०।-

नक्सा पास RCC प्रति ईस्क्वायर फिट रु.८।- ढुङ्गामाटोको रु.२।- र ट्रसको रु.१।- दस्तुर लिने।

निवेदन दस्तुर रु.१०।-

### क्री शुल्क दर

| क्र.सं. | विवरण | ईकाई | चिरान रकम रु. | गोलिया रकम रु. |
|---|---|---|---|---|
| १ | सल्ला | प्रति क्यु फिट | ५/- | ४/- |
| २ | साज | प्रति क्यु फिट | ९/- | ८/- |
| ३ | उत्तिस | प्रति क्यु फिट | ४/- | ३/- |
| ४ | खयर | प्रति क्यु फिट | ८/- | ८/- |
| ५ | साल | प्रति क्यु फिट | २५/- | २०/- |
| ६ | चाँप | प्रति क्यु फिट | १५/- | १०/- |
| ७ | अन्य जाति तथा कु-काठहरु प्रति ट्रक रु.२००/- | | | |

**मुदायिक बन उपभोक्ता समितिले बन पैदावार विक्री तथा उपयोग गर्दा विक्री रकमको १० प्रतिशत नगरपालिकाको संचित कोषमा दाखिला गर्नु पर्ने छ।**

Scanned with CamScanner

## कृषिजन्य वस्तुहरु

| क्र.सं. | विवरण | इकाई | रकम रु. |
|---|---|---|---|
| १ | फलफूल,आलु,गेडागुडी,खोर्सानी तथा तरकारी | प्रति के.जी. | ०।५० |

## प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री

| क्र. सं. | घाटगद्धी एवं विक्री | ईकाई | संकलन | विक्री |
|---|---|---|---|---|
| १ | ढुंगा, चुनढुंगा, गिट्टी, वालुवा, स्लेट, ग्राभेल र रोडा | प्रति घन फिट | ३।- | ६।- |
| २ | माटो | प्रति घन फिट | ०।५० | २।- |

नगरपालिकालाई प्राप्त हुनु पर्ने माथि उल्लेख भए बमोजिमका कर, शुल्क, दस्तुर, फि, रोयल्टी, जरिवाना आदि नतिर्नेको हकमा सम्वन्धितले नगरपालिकाबाट पाउने कुनै प्रकारको भुक्तानी रोक्का गर्न र सेवा रोक्का गर्न सक्नेछ । साथै नगरपालिकले आफूले पाउनु पर्ने राजस्व असुल कानून बमोजिम जुनसुकै प्रकारबाट गर्नसक्नेछ ।

**निर्णय**

**राजस्व संकलनका प्रमुख नीतिहरु**

- कृषि क्षेत्रमा आधुनिकिकरण र व्यवसायीकरण गर्ने गरी कृषि विकास रणनीतिलाई पूर्ण कार्यान्वयनमा लैजाने
- स्थानिय उद्योग धन्दा र परम्परागत व्यावसायको प्रतिस्पर्धात्मक क्षमताको विस्तार गर्ने, वजारीकरण गर्ने
- वैदेशिक रोजगारीबाट आर्जन भएको रकमलाई उत्पादन मुलक कार्यमा प्रयोग हुनेगरी नीति तथा कार्यक्रम तर्जुमा गर्ने
- मेहनत, इमान्दारिता, सहकारीता, आत्मसम्मानलाई रामेछापवासीको पहिचान वनाउने
- हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने
- परनिर्भर र अन्तरनिर्भर अर्थतन्त्रलाई आत्मनिर्भरता तर्फ डोऱ्याउने ।

**कार्यनीति**

सार रणनीतिक योजनाको मुख्य लक्ष्य बमोजिम गरीबी निवारण, आय तथा रोजगारी अविवृद्धि हुने र सो को मुख्य प्राथमिकता क्षेत्र व्यावसायिक कृषि तथा पशुपालन, सुख्खा क्षेत्रको व्यावस्थापन तथा उत्थानशिलता अभिबृद्धी, आन्तरिक पर्यटन प्रवर्धन, पुर्वाधार, खानेपानी तथा सिंचाई सेवा विस्तार, शिक्षा र स्वास्थ्य सेवामा पहुच तथा गुणस्तर अभिवृद्धि हुनेछ ।

**निर्णय**

रामेछाप नगरपालिकाको आगामी वर्ष २०७६/७७ को आन्तरीक राजस्व (ढुंगा, गिट्टी र बालुवा वाहेक) ५०,००,०००।- अनुमान गरियो ।

**निर्णय**

यस राजस्व परामर्श समितिको बैठकले तपशिल बमोजिमका राजस्व संकलन सुधारका लागि तपशिल अनुसारका कार्यहरु गर्ने गराउन सिफारीस गर्ने निर्णय गरियो ।

- राजस्व सुधारको कार्ययोजना तर्जुमा गरि सो अनुरुप राजस्वको व्यवस्थापन गर्ने ।
- राजस्वका संभावित क्षेत्रहरुको पहिचान गर्ने ।
- राजस्व सम्बन्धि विषयमा छलफल गोष्ठि कार्यक्रम सुझाव संकलन गर्ने ।
- राजस्व प्राप्त हुने क्षेत्रबाट उठेको राजस्व खर्च गर्दा तत् क्षेत्रलाई उच्च प्राथमिकता दिने ।
- राजस्व संकलन गरिने विषयमा नगर उद्योग वाणिज्य संघ, सरोकारवाला, साझेदारहरु सँगको सहकार्य र समन्वयमा कार्य अगाडि बढाउने ।

Scanned with CamScanner

रामेछाप नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को श्रोत अनुमान तथा बजेट सिमा निर्धारण देहाय बमोजिम गर्ने निर्णय गरियो ।

| क्र.सं. | आय शिर्षक | प्रस्तावित |
|---|---|---|
| १ | आन्तरीक आय | १०,०००,००० |
| २ | संघिय सरकार राजस्व वाडफाडवाट प्राप्त | ९१,०००,००० |
| ३ | संघिय सरकार वित्तिय समानिकरण | १५३,५००,००० |
| ४ | प्रदेश सरकार सवारी कर वाडफाडवाट प्राप्त | २२,५००,००० |
| ५ | प्रदेश सरकार वित्तिय समानिकरण | १०,१७३,००० |
| ६ | संघिय सरकार सशर्त अनुदान | १९०,५००,००० |
| ७ | सामाजिक सुरक्षा भत्ता | १४०,०००,००० |
| ८ | सडक वोर्ड अनुदान | ५,०००,००० |
| ९ | चालु आ.व. २०७५ ७६ वाट अ.ल्या. भई आउने रकम | २०,०००,००० |
| | जम्मा | ६४२,६७३,००० |
| **क्र.सं.** | **व्यय शिर्षक** | **प्रस्तावित** |
| १ | चालु खर्च | ८९,५४०,००० |
| २ | पुँजिगत खर्च (नगरपालिका भवन, फर्निचर तथा फिक्सचर्स, सवारी साधन तथा मेशिनरी औजार र सफ्टवेयर) | २५,०००,००० |
| ३ | वडा कार्यालय भवन निर्माण तथा मर्मत | १५,०००,००० |
| ४ | समपुरक कोष | १०,०००,००० |
| ५ | विशेष कोष | ५,०००,००० |
| ६ | कृषि तथा पशु (प्राकृतिक मुहान संरक्षण, आवधिक योजना अनुसार पकेट क्षेत्र विकास कार्यक्रम, खुर्पानेको संभाव्यता अध्ययन, मलविउ ढुवानी तथा अनुदान, एक घर एक पशु विमा कार्यक्रम, पशु घुम्ती शिविर | ३०,०००,००० |
| ७ | पर्यटन प्रवर्धन मठ मन्दिर निर्माण तथा व्यवस्थापन | १०,०००,००० |
| ८ | सहकारी प्रवर्धन (सहकारी संस्था नियमन, एकिकरण तथा विघठन, सहकारी पुर्व शिक्षा तालिम, सहकारी तथा लेखा व्यवस्थापन तालिम, सहकारी अनुदान तथा प्रवर्धन) | १,०००,००० |
| ९ | शिक्षा (विद्यालयमा फर्निचर, शैक्षिक सामाग्री व्यवस्थापन) | ६,०००,००० |
| १० | स्वास्थ्य (विशेषज्ञ डाक्टर सहितको नियमित घुम्ती शिविर, स्वास्थ्य संस्थाहरुमा आवश्यक सामाग्रीको व्यवस्थापन लगायत) | १०,०००,००० |
| ११ | खानेपानी (पानीका मुहान संरक्षण, वर्षातको पानी संकलन अभियान, पोखरीहरु निर्माण तथा संरक्षण तथा लिफ्ट खानेपानी व्यवस्थापन) | ३०,०००,००० |

इश्वर राज दाहाल
प्रमुख प्रशासकीय अधिकृत

...र बहादुर थापा मगर
प्रमुख

Scanned with CamScanner

रामेछाप नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को श्रोत अनुमान तथा बजेट सिमा निर्धारण देहाय बमोजिम गर्ने निर्णय गरियो ।

| क्र.सं. | आय शिर्षक | प्रस्तावित |
|---|---|---|
| १ | आन्तरीक आय | १०,०००,००० |
| २ | संघिय सरकार राजस्व बाडफाडबाट प्राप्त | ९१,०००,००० |
| ३ | संघिय सरकार वित्तिय समानिकरण | १५३,५००,००० |
| ४ | प्रदेश सरकार सवारी कर बाडफाडबाट प्राप्त | २२,५००,००० |
| ५ | प्रदेश सरकार वित्तिय समानिकरण | १०,१७३,००० |
| ६ | संघिय सरकार सशर्त अनुदान | १९०,५००,००० |
| ७ | सामाजिक सुरक्षा भत्ता | १४०,०००,००० |
| ८ | सडक बोर्ड अनुदान | ५,०००,००० |
| ९ | चालु आ.व. २०७५ ७६ बाट अ.ल्या. भई आउने रकम | २०,०००,००० |
| | जम्मा | ६४२,६७३,००० |
| **क्र.सं.** | **व्यय शिर्षक** | **प्रस्तावित** |
| १ | चालु खर्च | ८९५४०,००० |
| २ | पुंजिगत खर्च (नगरपालिका भवन, फर्निचर तथा फिक्सचर्स, सवारी साधन तथा मेशिनरी औजार र सफ्टवेयर) | २५,०००,००० |
| ३ | वडा कार्यालय भवन निर्माण तथा मर्मत | १५,०००,००० |
| ४ | समपुरक कोष | १०,०००,००० |
| ५ | विशेष कोष | ५,०००,००० |
| ६ | कृषि तथा पशु (प्राकृतिक मुहान संरक्षण, आवधिक योजना अनुसार पकेट क्षेत्र विकास कार्यक्रम, खुर्पानेको संभाव्यता अध्ययन, मलविउ ढुवानी तथा अनुदान, एक घर एक पशु विमा कार्यक्रम, पशु घुम्ती शिविर | ३०,०००,००० |
| ७ | पर्यटन प्रवर्धन मठ मन्दिर निर्माण तथा व्यवस्थापन | १०,०००,००० |
| ८ | सहकारी प्रवर्धन (सहकारी संस्था नियमन, एकिकरण तथा विघठन, सहकारी पुर्व शिक्षा तालिम, सहकारी तथा लेखा व्यवस्थापन तालिम, सहकारी अनुदान तथा प्रवर्धन) | १,०००,००० |
| ९ | शिक्षा (विद्यालयमा फर्निचर, शैक्षिक सामाग्री व्यवस्थापन) | ६,०००,००० |
| १० | स्वास्थ्य (विशेषज्ञ डाक्टर सहितको नियमित घुम्ती शिविर, स्वास्थ्य संस्थाहरुमा आवश्यक सामाग्रीको व्यवस्थापन लगायत) | १०,०००,००० |
| ११ | खानेपानी (पानीका मुहान संरक्षण, वर्षातको पानी संकलन अभियान, पोखरीहरु निर्माण तथा संरक्षण तथा लिफ्ट खानेपानी व्यवस्थापन) | ३०,०००,००० |

इश्वर राज दाहाल
प्रमुख प्रशासकीय अधिकृत

... बहादुर थापा मगर
प्रमुख

Scanned with CamScanner

| | | |
|---|---|---|
| १२ | भाषा संस्कृति संग्राहलय (जात जातिय संग्राहलयको स्थापना, भाषा तथा संस्कृतिको संरक्षणका कार्यक्रम) | १,०००,००० |
| १३ | लक्षित कार्यक्रम (खेलकुद, महिला, बालबालिका, जेष्ठनागरीक, दलित, अपांग तथा जनजाती) | १५,०००,००० |
| १४ | सेफहाउस निर्माण (नगर स्तरीय भवन निर्माण) | ३,०००,००० |
| १५ | पुर्वाधार विकास (सडक स्तरोन्नती, नगर स्तरीय कभर्ड हल, एक वडा एक खेल मैदान लगायत पुर्वाधार निर्माण) | ४४,०००,००० |
| १६ | सिंचाई (मुहान संरक्षण, संभावित स्थानमा लिफ्ट सिंचाई) | ५,०००,००० |
| १७ | वातावरण संरक्षण तथा हरित शहर निर्माण जलवायू परिवर्तन (पुर्वाधार निर्माण सम्पन्न भएका सडकहरुमा बृक्षारोपण, सामुदायिक बनहरुमा नर्सरी व्यवस्थापन, एक टोल एक पोखरी निर्माणको अभियान) | ५,०००,००० |
| १८ | संस्थागत विकास, सेवा प्रवाह, वितिय व्यवस्थापन र सुशासन ( सार्वजनिक सुनुवाई, राजस्व सम्वन्धि अभिमुखीकरण कार्यक्रम सेवा प्रवाह गुणस्तर सुनिश्चितता लगायतका कार्यहरु) | १,१३३,००० |
| १९ | न्यायिक समिति | १,५००,००० |
| | **जम्मा** | **३०७,१७३,०००** |
| २० | सशर्त अनुदान | - |
| | उर्जा | १,३४५,००० |
| | कृषि | १,०००,००० |
| | पशु स्वास्थ्य | ६४५,००० |
| | खेलकुद | १००,००० |
| | शिक्षा | १५०,९२०,००० |
| | झोलुङ्गेपुल | २,०००,००० |
| | स्वास्थ्य | ३३,९९७,००० |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४९३,००० |
| २१ | सडक बोर्ड अनुदान | ५०००००० |
| २२ | सामाजिक सुरक्षा भत्ता | १४०,०००,००० |
| | कुल जम्मा | ६४२,६७३,००० |

इश्वर राज दाहाल
प्रमुख प्रशासकीय अधिकृत

र बहादुर थापा मगर
प्रमुख

Scanned with CamScanner